स्थानीय राजपत्र

कपुरकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) कपुरकोट, सल्यान माघ २० गते, २०७६ साल (संख्या २

भाग-२

कपुरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कपुरकोट, सल्यान

कपुरकोट गाउँ कार्यपालिकाले बनाएको तल उल्लेखित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७६

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि-२००६ (Convention on the Rights of Persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम कपुरकोट गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सहजताको लागि परिचय-पत्र वितरण कार्यविधि बनाउन वाञ्छनीय भएकोले अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४५ बमोजिमको दायित्व पूरा गर्न कपुरकोट गाउँ कार्यपालिकाले यो अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७६ बनाई जारी गरेको छ।

परिच्छेद- १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "कपुरकोट गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धी ऐन, २०७४, (पहिलो संशोधन २०७५ समेत) सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ अनुसार जारी हुने नियमावली सम्झनु पर्दछ ।

(ग) "स्थानीय कानून" भन्नाले कपुरकोट गाउँपालिका गाउँसभा, गाउँ कार्यपालिकाबाट जारी भएका कानून सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका भन्नाले कपुरकोट गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "वडा कार्यालय" भन्नाले कपुरकोट गाउँपालिका अन्तर्गतका वडा कार्यालय सम्झनु पर्दछ ।

(च) "समन्वय समिति" भन्नाले दफा ६ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्दछ ।

परिच्छेद- २
उद्देश्य, मापदण्ड

३. उद्देश्य : यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने विभिन्न प्रकारका अपाङ्गता भएका नेपा[…] नागरिकहरूको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता से[…] सुविधाहरुको लागि योजना निर्माण गर्न र वडा तहदेखि नै विभिन्न प्रकृतिका अपाङ्ग[…] भएका व्यक्तिहरुको वर्गीकृत लगत राख्न सहज तुल्याउने ।

(ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अपाङ्गता भएक[…] व्यक्तिको अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धि २००६, **(CRPD)** म[…] नेपाल सरकारले जनाएको प्रतिवद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताक[…] आधारमा सेवा सुविधाहरु उपलब्ध गराउन तथा सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गर[…] सहज बनाउने ।

(ग) अपाङ्गताको प्रकृति, वर्गीकरण र अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकीकरण गर्न सहयोग गर्ने ।

४. परिचय-पत्र वितरणका माप्दण्ड :

CamScanner

अनुसूची-१ मा उल्लिखित प्रकृतिका आधारमा गरिएका अपाङ्गताका दश प्रकार र गाम्भीर्यताका आधारमा देहायका चार समूहमा वर्गीकरण गरी परिचय पत्र- वितरण गरिनेछ.

(क) पूर्ण अशक्त अपाङ्गता: देहायको अवस्थाका व्यक्तिहरुलाई "क" वर्गको रातो रङ्गको पृष्ठभूमीमा पूर्ण अशक्त अपाङ्गताको परिचय- पत्र जारी गरिनेछ :-

(१) व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्यै गम्भीर भई अरूको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्तिहरु,

(२) सामान्यभन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिकोसहयोग आवश्यक पर्ने, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, तीव्र रुपमा अटिज्म प्रभावित व्यक्ति, पूर्ण रुपमा श्रवण,दृष्टिविहिन व्यक्तिहरु,

(३) दुई वा सोभन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

(४) निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू ।

(ख) अति अशक्त अपाङ्गता: देहायका अवस्थाका व्यक्तिहरुलाई "ख" वर्गको निलो रङ्गको पृष्ठभूमिमा अति अशक्त अपाङ्गताको परिचय- पत्र जारी गरिनेछ :-

(१) शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगायत हिँडडुल र सञ्चार गर्न कठिनाइ हुने व्यक्तिहरु,

(२) मस्तिष्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू,

(३) दुवै हात कुमदेखि वा पाखुरादेखि मुनी पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू,

(४) दृष्टिविहीन र पूर्ण दृष्टिविहीनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरू,

(५) सञ्चारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहु अपाङ्गता भएका व्यक्तिहरू ।

(ग) मध्यम अपाङ्गता : देहायका अवस्थाका व्यक्तिहरुलाई "ग" वर्गको पहेलो रङ्गको पृष्ठभूमिमा मध्यम अपाङ्गताको परिचय- पत्र जारी गरिनेछ :-

(१) कृत्रिम अङ्ग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगबा सामान्य हिँडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने,

CamScanner

(२) विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिँडडुल गर्न सक्ने,
(३) कुम वा पाखुराभन्दा मुनि एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,
(४) दुवै हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका,
(५) दुवै गोडाको कुर्कुच्चाभन्दा मुनिको भाग नभएका तर सामान्य हिंडडुल गर्न सक्ने,
(६) मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,
(७) सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिज्म भएका व्यक्तिहरु,
(८) श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्न सक्ने सुस्तश्रवण व्यक्तिहरू,
(९) शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु,
(१०) ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु, बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्‍याउने समस्या तीव्र भएका भकभके व्यक्तिहरू,
(११) तीन फिटभन्दा मुनिका होचापुड्का व्यक्तिहरू,
(१२) चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहीन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,
(१३) अनुवंशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँडडुलमा कठिनाइ हुने व्यक्तिहरु,
(१४) मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु ।

(घ) सामान्य अपाङ्गता : देहायका अवस्थाका व्यक्तिहरुलाई "घ" वर्गको सेतो रङ्गको पृष्ठभूमिमा सामान्य अपाङ्गताको परिचय- पत्र जारी गरिनेछ :-
(१) शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयम सम्पादन गर्न सक्ने,
(२) हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केलाभन्दा मुनि नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केलामुनिका कम्तीमा बूढीऔंला र चोरीऔंला भएका व्यक्तिहरु,
(३) ठूलो अक्षर पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू,
(४) दुवै गोडाको सबै औंलाका भागहरु नभएका व्यक्तिहरु,
(५) श्रवणयन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु

परिच्छेद-३
परिचय- पत्रको ढाँचा र समन्वय समिति

५. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्रको ढाँचा : अपाङ्गता भएका व्यक्तिले परिचय-पत्र प्राप्त गर्न अनुसूची-२ बमोजिम वडा कार्यालयमा निवेदन दिनु पर्नेछ । अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने अपाङ्गता परिचय-पत्रको ढाँचा परिचय-पत्र बाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने गरी नागरिकताको प्रमाण-पत्रको ढाँचामा अनुसूची-३ बमोजिम एकापट्टी नेपाली भाषामा र अर्कापट्टी अंग्रेजी भाषामा लेखिएको दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एक पृष्ठको परिचय-पत्र गाम्भीर्यताका आधारमा गरिएका चार वर्गका अपाङ्गता भएका व्यक्तिलाई चार फरक फरक रङ्गमा उपलब्ध गराइनेछ ।

६. समन्वय समिति सम्बन्धी व्यवस्था : (१) अपाङ्गता भएका व्यक्तिहरुको हक हित संरक्षण सम्वन्धी विषयमा र कानून बमोजिम अपाङ्गता परिचय-पत्र वितरण समेतका विषयमा सिफारिश, आवश्यक समन्वय, अनुगमन तथा राय परामर्शका लागि कपुरकोट गाउँपालिकामा देहाय बमोजिमको समन्वय समिति रहनेछ :

(क) गाउँ कार्यपालिकाको उपाध्यक्ष- संयोजक

(ख) गाउँ कार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एकजना - सदस्य

(ग) गाउँपालिका क्षेत्रभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँ कार्यपालिकाको अध्यक्षले तोकेको व्यक्ति एकजना - सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक एकजना - सदस्य

(ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख -सदस्य

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनयन गरेको संस्थाको प्रतिनिधि एकजना - सदस्य

(छ) गाउँपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एकजना महिला सदस्य सहित तीनजना - सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख - सदस्य

(झ) गाउँ कार्यपालिकाको उपाध्यक्षले तोकेको गाउँ कार्यपालिकाको कर्मचारी - सदस्य सचिव

(२) उप दफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा समन्वय समितिले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

CamScanner

७. समन्वय समितिको काम, कर्तव्य र अधिकार : दफा ६ बमोजिमको समन्वय समिति काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) अपाङ्गता भएका व्यक्तिको हक, हित तथा संरक्षणको विषयमा गाउँपालिका क्षेत्र काम गर्ने विभिन्न निकाय, संघ वा संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चा गर्ने तथा त्यस्तो कार्य सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने,

(२) अपाङ्गता वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएको सम्बन्धमा द्विविधा भए व्यक्तिको निवेदन उपर जाँचबुझ गरी परिचय-पत्र उपलब्ध गराउन सिफारि गर्ने,

(३) गाउँपालिका क्षेत्रभित्र अस्पताल, विद्यालय लगायत अन्य सरकारी तथा सार्वजनि भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँच सहज गराउ अपाङ्गतामैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने,

(४) गाउँपालिका क्षेत्रभित्र अपाङ्गता भएका व्यक्तिको अभिलेख सङ्कलन तथा अद्यावधिक ग गराउने,

(५) अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा गाउँपालिका क्षेत्रभित्र सञ्चालित कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(६) समन्वय समितिले अपाङ्गता परिचय-पत्र वितरणका सम्बन्धमा ऐनको दफा ४३ को (च बमोजिम परिचय-पत्र सम्बन्धी कानुनी, संरचनागत तथा अन्य सुधार गर्नुपन विषय आवश्यकता अनुसार प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका त ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ,

(७) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

८. समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि :

(१) समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समन्वय समितिको बैठक सो समितिका संयोजकले तोकेको मिति, समय र स्थानम बस्नेछ ।

(३) समन्वय समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्द कम्तीमा चौविस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समन्वय समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समन्वय समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूहरु मध्येबाट छानेका सदस्यले गर्नेछ ।

(६) समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समन्वय समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समन्वय समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

CamScanner

(९) समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. वडास्तरीय अपाङ्गता परिचय-पत्र सिफारिस समितिः गाउँपालिका अन्तर्गतका वडा क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय-पत्र लिन वडा समितिले सिफारिस गर्नु पर्नेछ । त्यस्तो सिफारिस प्राप्त गर्न अनुसूची-४ बमोजिमका कागजातहरु संलग्न गरी अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

१०. अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण गर्ने : वडा समितिको सिफारिस, विषय सम्वद्ध चिकित्सकको सिफारिस र आवश्यक अन्य कागजातहरुको अध्ययन गरी अपाङ्गता भएका व्यक्तिहरुको परिचय- पत्र समन्वय समितिवाट निर्णय गराई देहाय बमोजिम वितरण गर्नुपर्नेछ :-

(क) अपाङ्गता परिचय-पत्रका लागि माग भई आएका निवेदन उपर जाँचबुझ गरी अपाङ्गता परिचय-पत्र लिन योग्य व्यक्ति छनौट गरी परिचय-पत्र उपलब्ध गराउने,

(ख) अपाङ्गताको गाम्भीर्यताका आधारमा अपाङ्गताको किसिम वर्गीकरण गर्ने,

(ग) वर्गीकरण अनुसारको अपाङ्गता परिचय-पत्र वितरण गर्ने,

(घ) अपाङ्गता परिचय-पत्र वितरणमा द्विविधा वा समस्या पर्न आएमा आवश्यक कारवाहीका लागि सक्कलै निवदेन र कागजातहरु समन्वय समितिमा पठाउने,

(ङ) समन्वय समितिको राय परामर्श तथा निर्देशन पालना गर्ने,

(च) अपाङ्गता परिचय-पत्र वितरणको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गर्ने, अद्यावधिक राख्ने र पेश गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

परिच्छेद-४
परिचय-पत्र वितरण

११. परिचय-पत्र वितरण प्रक्रिया : अपाङ्गता परिचय -पत्र वितरण प्रकृया देहाय बमोजिम हुनेछ :-

(१) गाउँपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिले वडा कार्यालयमा अपाङ्गता भएको व्यक्ति स्वयं वा निजका अभिभावक वा संरक्षकले अनुसूची-३ बमोजिमको ढाँचाको परिचय-पत्र प्राप्तिका लागि अनुसूची-४ मा उल्लेखित सबै पुष्ट्याई गर्ने कागजातहरु एक/एक प्रति समावेश गरी निवेदन दिनुपर्नेछ ।

(२) निवेदनमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपि, अटो/पासपोर्ट साइजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरी खिचिएको) फोटो, अशक्तताको गाम्भीर्यता अवस्था र शरीरका अंगहरुले गर्ने काममा आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सीमितताहरुको विवरण संलग्न हुनुपर्नेछ ।

(३) रित पुगी आएको निवेदन वडा कार्यालयले प्राप्त भएको मितिले बढीमा ३ दिनभित्र सिफारिस गरी गाउँ पालिकामा पठाउनु पर्नेछ ।

CamScanner

(४) सम्बन्धित व्यक्तिले पेश गरेको निवेदन साथ पेश गरेका कागजात वा प्रमाण नपुग परिचय-पत्र सिफारिस गर्न असमर्थ भएमा वा उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई ३ दिन भित्रमा वडा कार्यालयले जानकारी दिनु पर्नेछ ।

(५) वडा कार्यालयले परिचय-पत्र सिफारिस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नबुझे सूचना पाएको मितिले १५ दिन भित्रमा समन्वय समिति सम निवेदन दिन सक्नेछ ।

(६) प्राप्त निवेदन साथ निजले पेश गरेका कागजात र अन्य प्रमाणका आधारमा निज परिचय-पत्र पाउन योग्य देखिएमा समन्वय समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

(७) परिचय-पत्रका लागि सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालय र समन्व समितिले चिकित्सक र विशेषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिसँग रा परामर्श लिन सक्नेछ ।

(८) सामान्यतया: अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचय-पत्र बुझिलिनु पर्नेछ । पू अशक्त वा अति अशक्त अपाङ्गता भएको कारणले परिचय- पत्र बुझिलिन आउन नसक भएमा परिवारको सदस्य वा संरक्षक वा अख्तियार प्राप्त व्यक्तिले निजलाई बुझाउने गर बुझिलिन सक्नेछन् ।

(९)परिचय-पत्रमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर हुनेछ । निज प्रचलित कानूनको अधीनमा रही गाउँपालिकाको कुनै अधिकृत कर्मचारीलाई अधिका प्रत्यायोजन गर्न सक्नेछ

(१०) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी क्षतिको हकमा परिचय-पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी आवश्यक ठानेमा तत्काल उपयुक्त परिचय-पत्र उपलब्ध गराउन सक्नेछ ।

(११) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी क्षति भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपाङ्गता भएका व्यक्तिक हकमा समन्वय समितिमा पेश गरी समितिको निर्णयका आधारमा परिचय-पत्र वितरण गर्नु पर्नेछ ।

१२. अन्य स्थानीय तहमा स्थायी ठेगाना भएका व्यक्तिको हकमा : गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगाना नभएका तर गाउँपालिका क्षेत्रभित्र बसोबास गरेका विभिन्न अवरोध तथा शारीरिक वा मानसिक अवस्थाको गम्भीर्यताको कारण आफ्नो स्थायी बसोबास भएको स्थानमा गई अपाङ्गता परिचय- पत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरुका लागि निजको स्थायी वसोबास भएको स्थानको सम्बन्धित स्थानीय तहबाट परिचय- पत्र नलिएको विवरण सिफारिस प्राप्त भएमा दफा १० को प्रक्रिया पूरा गरी अपाङ्गता परिचय- पत्र प्रदान गर्न सकिनेछ ।

CamScanner

१३. प्रतिलिपि सम्बन्धी व्यवस्था : गाउँपालिकाबाट अपाङ्गता परिचय- पत्र लिएकोमा हराइ वा नासिइ वा बिग्रिई प्रतिलिपि बनाउनु परेमा देहायको प्रकिया पूरा गर्नु पर्नेछ :-

(१) अपाङ्गता परिचय- पत्र लिएकोमा परिचय-पत्र हराइ, नासिइ वा बिग्रिई प्रतिलिपि बनाउनु पर्ने भएमा वडा कार्यालयमा यथार्थ विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(२) वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले निवेदकको माग मनासिब देखेमा रु.५०।० दस्तुर लिई अपाङ्गता परिचय-पत्रको प्रतिलिपि उपलब्ध गराउन सक्नेछ ।

१४. अभिलेख सम्बन्धी व्यवस्था: विभागबाट वितरण गरिएका अपाङ्गता परिचय-पत्रको अभिलेख अनुसूची-५ को ढाँचामा देहाय बमोजिम राख्नु पर्नेछ :-

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरु र अपाङ्गता भएका व्यक्तिहरु मध्ये परिचय-पत्र वितरण गरेका व्यक्तिहरुको अपाङ्गताको प्रकृति तथा गाम्भीर्यता लगायत अन्य आवश्यक विवरण खुल्ने गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(२) विभागले अपाङ्गता भएका व्यक्तिहरुको विवरण अध्यावधिक गरी चौमासिक प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

परिच्छेद-५
विविध

१५. घुम्ति शिविर तथा घर दैलो सेवा सम्बन्धी व्यवस्था :-

(१) गाउँपालिकाले आवश्यक ठानेमा पालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परिचय-पत्र लगायतका सेवा सरल तरिकाले उपलब्ध गराउन परिचय-पत्र वितरण सम्बन्धी घुम्ति शिविर वा घर दैलो सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) यो कार्यविधि लागू हुनु अघि प्राप्त गरेका अपाङ्गता परिचय- पत्र गाउँपालिकामा बुझाई यो कार्यविधि जारी भएको मितिले एक वर्षभित्रमा यस कार्यविधि बमोजिमको परिचय-पत्र लिनु पर्नेछ । यस अघि जारी भएका परिचय- पत्र एक वर्षपछि स्वतः अमान्य हुनेछ ।

(३) यस कार्यविधिमा भएको प्रावधान अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(४) अपाङ्गता परिचय-पत्र वितरण सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएका विषय अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४, अन्य प्रचलित कानून, कपुरकोट गाउँपालिकाको निर्णय तथा स्थानीय कानून बमोजिम हुनेछ ।

CamScanner

(५) प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका विषयमा सो परिचय- पत्र बाहक व्यक्ति वडा समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

(६) नेपाल सरकारद्वारा जारी भएको अपाङ्गता परिचय-पत्र वितरण निर्देशिका, २०६ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१
अपाङ्गताको वर्गीकरण

(क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाईको प्रकृतिको आधारमा अपाङ्गता भएका व्यक्ति :

१. शारीरिक अपाङ्गता : स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या जस्तै: बालपक्षघात(पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरुदण्ड सम्बन्धी स्थायी समस्या, क्लबफीट पैताला फर्केका रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेका व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।

२. दृष्टि सम्बन्धी अपाङ्गता : दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रुप र रङ्गको ज्ञान नहुने,

(क) दृष्टि विहीनता : औषधी, शल्यचिकित्सा चस्मा वा लेन्सको प्रयोगबाट पनि दुवै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) न्यून दृष्टियुक्त : औषधी, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहीन : पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

३. सुनाइ सम्बन्धी अपाङ्गता : सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने ।

(क) बहिरा : असी डेसिबल भन्दा तलको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

(ख) सुस्तश्रवण : सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैसट्ठीदेखि असी डेसिबल सम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

४. श्रवण दृष्टिविहीन अपाङ्गता : सुनाइ र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रीय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. **स्वर र बोलाइ सम्बन्धी अपाङ्गता:** स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति ।

६. **मानसिक वा मनोसामाजिक अपाङ्गता :** मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. **बौद्धिक अपाङ्गता :** उमेरको वृद्धिसंगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तै डाउन सिन्ड्रोम समेत) ।

८. **अनुवंशीय रक्तस्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता :** अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने अवस्थाको व्यक्ति ।

९. **अटिज्म सम्बन्धी अपाङ्गता :** जन्मजात नशा वा तन्तुको विकास सो को कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तै : सञ्चार गर्न सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससंगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउट क्रिया लगातार दोहोऱ्याइ रहनु, अरुसंग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति) ।

१०. **बहुअपाङ्गता :** एउटै व्यक्तिमा माथि उल्लिखत दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै मस्तिष्क पक्षघात आदि) ।

(ख) अशक्तताको गाम्भीर्यताका आधारमा अपाङ्गताको वर्गीकरण :

१. **पूर्ण अशक्त अपाङ्गता :** आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रुपमा अरुको सहयोग लिंदा पनि कठिनाई हुने अवस्थाको व्यक्ति ।

२. **अति अशक्त अपाङ्गता :** वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन
निरन्तर रुपमा अरुको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

३. **मध्यम अपाङ्गता:** भौतिक सविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरुको सहयोग लिई वा नलिई नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

४. **सामान्य अपाङ्गता:** सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

स्पष्टीकरण :

१. "शारीरिक अङ्गहरुको बनौट र कार्य" भन्नाले शरीर सञ्चालन सम्बन्धी, दृष्टि सम्बन्धी स्वर र सुनाइ सम्बन्धी, मानसिक, मांसपेशी र स्नायु सम्बन्धी र अन्य प्रणलीका अङ्ग कार्यलाई जनाउँछ।

२. "नियमित दिनचर्याका कार्यहरु र सामाजिक जीवन क्षेत्रमा सहभागिता" भन्ना व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर र स्वयं हेरचाह, घरेलु जीवन अन्तरक्रिय समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरु सहभागितालाई जनाउँछ ।

३. "विद्यमान सामजिक एवं भौतिक वातावरणबाट सिर्जित अवरोध" भन्नाले मनोसामाजिक प्रविधि,प्राकृतिक तथा मानव निर्मित वातावरण, धारणागत, सेवाप्रणाली नीतिहरुबाट सिर्जना भएको अवरोधलाई जनाउँछ।

४. सहभागिता, सुविधा तथा प्रतिनिधित्व समेतका लागि बौद्धिक अपाङ्गता र पूर्ण अशक्त भएका व्यक्तिहरुका हकमा आमा, बाबु वा प्रत्यक्षरुपमा पालनपोषणमा संलग्न व्यक्तिल परिवारका सदस्य वा सरोकारवाला मानिनेछ।

अनुसूची- २

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र पाउनको लागि दिने निवेदनको ढाँचा

फोटो

मिति

....
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
मार्फत ...... नं. वडा कार्यालय
कपुरकोट गाउँपालिका, सल्यान।

विषय : अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउँ।

महोदय,

म अपाङ्गता भएका व्यक्तिको वर्गीकरणमा पर्ने भएको हुँदा सो को परिचय- पत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण साथै राखी परिचय-पत्र पाउन यो निवेदन पेश गरेको छु। मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा प्रचलित कानू न बमोजिमको सजाय भोग्न मञ्जुर छु।

CamScanner

१. नाम थर : ....उमेर ....लिङ्ग ....
२. ठेगाना :क) स्थायी ठेगाना : सल्यान जिल्ला, कपुरकोट गाउँपालिका वडा नं........ टोल.
ख) अस्थायी ठेगाना : .... जिल्ला .... गाउँपालिका वडा नं .... टोल
ग) सम्पर्क टेलिफोन वा मोबाइल नं. ....
३. संरक्षक र अभिभावकको नाम थर .... निवेदकको नाता ....
४.संरक्षक र अभिभावकको टेलिफोन वा मोबाइल नं. ....
५. परिभाषा र वर्गीकरण अनुसार अपाङ्गताको प्रकार ....
६. परिभाषा र वर्गीकरण अनुसार अशक्तताको आधारमा अपाङ्गताको प्रकार ....
७.शरीरको अंग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण ....
८. क्षति भएपछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सीमितताको विवरण ....
९.अपाङ्गताको कारण (उपयुक्त स्थानमा चिनो लगाउनुहोस्)।

क. रोगको दीर्घ असर ख. दुर्घटना ग. जन्मजात

घ. सशस्त्र द्वन्द्व ङ वंशानुगत कारण च.अन्य ....

१०. सहायक सामग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस्)।

क. भएको ख. नभएको

११. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ......
१२. सहायक सामग्री प्रयोग गर्ने गरेको वा नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहास)।

क. गर्ने गरेको ख. गर्ने नगरेको

१३. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम ....
१४. अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ (खुलाउने)।

क. .... ख. .... ग. .... घ. .... ङ. .... च. ....

१५. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ (खुलाउने)।

क. ....ख. ....ग. ....घ. .... ङ. ....च. ....

१६. पछिल्लो शैक्षिक योग्यता :क. प्राथमिक तह ख. निम्न माध्यमिक तह ग. मा.वि. तह घ.उच्च मा.वि. तह ङ स्नातक तह च. स्नातकोत्तर तह छ. विद्यावारिधी तह
१७. कुनै तालिम प्राप्त गर्नुभएको भए मुख्य तालिमहरूको नाम लेख्नुहोस् । ....
१८. हालको पेशा :

क. अध्ययन ख. कृषि व्यवसाय ग. स्वरोजगार घ. अध्यापन ङ. सरकारी सेवा च. निजी क्षेत्रमा सेवा छ. केही नगरेको ज. अन्य

निवेदक नाम, थर ....

हस्ताक्षर ....

मिति...........

अनुसुची- ३

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्रको ढाँचा

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान
कर्णाली प्रदेश, नेपाल

फोटो
निशाना छाप
परिचय-पत्र नम्बर:
परिचय-पत्रको प्रकार:

अपाङ्गता परिचय-पत्र

(१) नाम,थर :
(२) ठेगाना: प्रदेश....................जिल्ला...................स्थानीय तह.....................
(३) जन्म मिति :
(४) नागरिकता नम्बर :............................
(५) लिङ्ग :
(६) रक्त समूह.......................
७) अपाङ्गताको किसिम प्रकृतिको आधारमा........................गम्भिरता..................
८) बाबु/आमा वा संरक्षकको नाम,थर...
(९) परिचय-पत्र बाहकको दस्तखत :.........
(१०) परिचय-पत्र प्रमाणित गर्ने : ....
नाम,थर.........................
हस्ताक्षर.........................
पद...............................
मिति.......................

(यो परिचय-पत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय त
बुझाइदिनुहोला)

CamScanner